# Tribhuvan University

2080 (Regular)

Bachelor Level **4 Yrs. Prog.** / Humanities / II Year — Full Marks: 70

अनिवार्य नेपाली -४०२ — Time: 3 hrs.

*Candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.*

१. तलका दुवै प्रश्नको उत्तर दिनुहोस् : ३+३= ६

(क) तलको अनुच्छेदमा रेखाङ्कित शब्दको अक्षरीकरण र अक्षर सङ्ख्याङ्कनसमेत गर्नुहोस् :

शब्दकोश हेर्ने पनि केही नियम र तरिकाहरु छन् । शब्दकोशमा वर्णानुक्रमअनसार शब्द दिइनेहुनाले सर्वप्रथम वर्णानुक्रमको नियमानुसार नै शब्दकोश हेर्नुपर्छ ।

(ख) तलको अनुच्छेदलाई वर्णविन्यास मिलाई शुद्ध गर्नुहोस् :

समय परिवर्तनशील छ । रितुचक्रहरूको परिवर्तनले यस कूरालाई पुस्टि गर्छ । भरखर वर्खा ऋतु सकिएको छ धर्ति पनि लीपेर सफा पारेको आगन जस्तो सुन्दर देखिएको छ ।

२. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : ३+३= ६

(क) निम्नलिखित गद्यांश पढी दुई तत्सम, दुई तद्भव र दुई आगन्तुक शब्द पहिचान गर्नुहोस् :

जब ऊ विश्वविद्यालयको ठूलो हलमा बसेर पाश्चात्य साहित्यको क्लास लिइरहेको हुन्थ्यो, त्यति बेला उसलाई आफ्नो गाउँ र भाइहरुको याद आउँथ्यो ।

अथवा

माथि प्रश्न नं. २ (क) को अनुच्छेदमा रेखाङ्कित शब्दको पदवर्ग पहिचान गर्नुहोस् ।

(ख) तलको अनुच्छेदबाट तीनवटा समस्त र तीन वटा द्वित्व शब्द टिपी तिनको निर्माणप्रक्रिया देखाउनुहोस् :

नेताहरुले गाउँघरका सानाकिसानहरुका बारेमा केही योजना नल्याएका खण्डमा तिनीहरु किसानका घरघर गएर आआफ्ना घोषणपत्र देखाउनु भनेको हार्न तम्तयार हुनु हो ।

(ग) तलको अनुच्छेद पढी छ वटा प्राविधिक/पारिभाषिक शब्द टिपोट गर्नुहोस् :

नेपालमा विभिन्न कालखण्डमा जारी भएका स्थिति बन्देज, लालमोहर, रुक्का, ताम्रपत्र, गीतिथिति, परम्परा र धर्मशास्त्रमा लेखिएका कुराले पारिवारिक कानुनको स्थान ग्रहण गरिआएका थिए । वि.सं. १९१० मा जारी भएको मुलुकी

ऐनले विवाह, अंशवण्डा, लोग्नेस्वास्नीको, विधवा अंशधनको, अपुताली जस्ता महलको व्यवस्था गरी पारिवारिक कानुनलाई महत्त्व दिएको थियो ।

३. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : ३+३= ६

(क) पूर्णभूतको क्रियाको प्रयोग गरी छ वटा वाक्यमा निर्वाचनको दिनका सन्दर्भ लेख्नुहोस् ।

(ख) इच्छार्थकका छ वटा वाक्यको प्रयोग गरी आफ्नो भावी योजनाको वर्णन गर्नुहोस् ।

(ग) तलका वाक्यलाई एउटै संयुक्त वाक्यमा वाक्यान्तरण गर्नुहोस्:
पल्पसा परिश्रमी छे । ऊ साथीहरुसंग मिलेर बस्छे । पल्पसा अन्तर्मुखी स्वभावकी छे । उसलाई सबैले मन पराउँदैनन् । पल्पसालाई म मन पराउँछु । उसले पनि मलाई मन पराउँछे ।

४. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ४

(क) तल दिइएको तालिकालाई अनुच्छेदमा रूपान्तरण गर्नुहोस् :

| एक जना विद्यार्थीले अङ्ग्रेजी विषयमा प्राप्त गरेको अङ्क | | |
|---|---|---|
| कक्षा | पूर्णाङ्क | प्राप्ताङ्क |
| ६ | १०० | ५० |
| ७ | १०० | ४८ |
| ८ | १०० | ६६ |
| ९ | १०० | ७२ |
| १० | १०० | ६३ |

अथवा

तलको अनुच्छेदमा दिएका सूचना र तथ्यलाई स्तम्भचित्रमा रूपान्तर गर्नुहोस्:
नेपालमा २०५६ देखि २०६० सम्मको धान उत्पादनको स्थितिलाई हेर्दा केही उतार चढाव आएको देखिन्छ । यसरी हेर्दा २०५६ मा २८,००० क्विन्टल पुगेको देखिएकोमा २०५७ मा त्यो उत्पादनमा ह्रास आई २२,००० क्विन्टल पुगेको र २०५८ फेरि वृद्धि भई ३५,००० क्विन्टल पुगेको तथ्याङ्क देखिन्छ भने २०५९ मा घटेर २५,००० क्विन्टल पुगेको धान उत्पादन २०६० मा बढेर ४६,००० क्विन्टल पुगेको देखिन्छ ।

(ख) 'मूल्यवृद्धिको प्रभाव' शीर्षकमा १०० शब्दमा नघटाई एउटा अनुच्छेद लेख्नुहोस् ।

५. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ४

(क) तलको अंशमा रेखाङ्कित शब्दहरूले केकस्तो व्याकरणिक ससक्ति निर्माण गरेका छन् ?



क्रमश

इमेल एउटा भरपर्दो सञ्चारमाध्यम हो । अहिले यसको प्रयोग व्यापक हुँदै गएको छ । इमेलले जनसम्पर्कलाई सजिलो बनाएको छ । त्यसैले यो लोकप्रिय बनेको छ ।

(ख) तलको गद्यांशमा रेखाङ्कित शब्दहरूले केकस्तो कोशीय संसक्ति निर्माण गरेका छन् ?

समाजमा कतिपय मानिसहरु सम्पन्न हुन्छन् भने कतिपय मानिसहरु विपन्न पनि हुन्छन् । सबै बाँचिरहेकै छन् । संसार कसैलाई उज्यालो लाग्छ भने कसैको लागि अँध्यारो भइदिन पनि सक्छ ।

६. (क) तलको गद्यांश पढी अन्त्यमा सोधिएको प्रश्नको उत्तर दिनुहोस् : १.५×४= ६

शिक्षालाई सीमित घेरामा हेर्ने कार्यलार्य शिक्षाको सङ्कुचित अर्थ भनिन्छ । औपचारिक शिक्षा र किताबी ज्ञान तथा प्रमाणपत्रमुखी ज्ञानलाई सङ्कुचित अर्थमा लिइन्छ । सिकारुलाई वास्तविक अनुभव गर्न नदिएर जर्बजस्ती लादिने, कण्ठ गर्ने प्रवृत्तिलाई जोड दिइने, हैकमवादी, निर्देशित र अप्रजातान्त्रिक ढङ्गबाट दिइने शिक्षाबाट व्यक्तिको चौतर्फी विकास हुन सक्दैन । यसरी व्यक्तिवादी शिक्षा, कोरा शिक्षा, औपचारिक शिक्षा किताबी शिक्षा प्रमाण पत्रमुखी शिक्षा जागिरे शिक्षालाई शिक्षाको सङ्कुचित अर्थका रूपमा लिइन्छ ।

बालकले जन्मदेखि मृत्युपर्यन्त केही न केही सिकिरहेको हुन्छ । अनुभवहरु बटुलिरहेको हुन्छ । यी सबैको सँगालो नै शिक्षा हो । यसरी मानिसले आफ्नो जीवनकालमा जे, जसरी, जहिले, जसबाट ज्ञान आर्जन गरी पूर्णता हासिल गर्दछ र समयसापेक्ष जीवन निर्वाह गर्न सक्ने सक्षमता विकास गर्छ त्यही नै शिक्षाको व्यापक अर्थ हो । संसारमा सबै व्यक्ति विद्यार्थी हुन, किनभने सबैले कोही न कोहीलाई केही न केही सिकाइरहेको हुन्छन र शिक्षाको व्यापक अर्थ नै यही हो । शिक्षा जीवनभर निरन्तर चलिरहने प्रकिया हो (मानिसमा नैतिक मूल्य र मान्यताका साथै ज्ञान र सिपको विकास गराई प्रतिभाशाली एवम् विवेकी नागरिक निर्माण गर्नु आवश्यक हुन्छ)। शिक्षा नै यस्तो पूर्ण विकसित शक्ति हो, जो मानिसलाई आफ्नो स्वाभाविक प्रघृतिको वृद्धिका साथै विकासमा समेत सहायक हुन्छ ।। व्यक्तिमा अत्मान्नतिको साथै भौतिक समुन्नति गर्नु शिक्ष को व्यापक अर्थ हो । शिक्षाले मानिसका आचारण र व्यवहारमा देखिने अनेकौ असमान्जस्यतालाई सुचित शिक्षाबाट सुधार्न सकिन्छ ।

**प्रश्नहरु**

(अ) औपचारिक शिक्षालाई किन सङ्कुचित शिक्षा भनिएको हो?

(आ) माथिको कथनअनुसार शिक्षाको व्यापक अर्थ के हो ?

(इ) शिक्षालाई पूर्ण विकसित शक्ति किन भनिएको हो?

(ई) [illegible]

(ख) प्रश्न नं. ६ (क). का. अनुच्छेद पढी सोधिएका प्रश्नको सर्वोपयुक्त उत्तरमा रेजा लगाउनुहोस् : १×४= ४

(अ) माथिको अनुच्छेदमा कस्तो शिक्षालाई सङ्कुचित शिक्षा भनिएको छ ?

(क) औपचारिक (ख) अनौपचारिक

(ग) पाठ्यक्रमअनुसारको (घ) परीक्षा प्रणाीमा आधारित

(आ) जन्मदेखि मृत्युसम्म शिक्षा लिने क्रम भइरहन्छ भन्नु शिक्षाको कस्तो अर्थ हो?

(क) सङ्कुचित (ख) अनौपचारिक

(ग) विरोधाभास (घ) व्यापक

(इ) माथिको गद्यांशमा शिक्षाप्रति कस्तो दृष्टिकोण प्रस्तुत गरिएको छ?

(क) शिक्षाको नित्यनिरन्तरता (ख) विवेकी नागरिकको निर्माण

(ग) व्यक्तिको आत्मोन्नति (घ) व्यक्तिको आचारणमा सुधार

(ई) माथिको गद्यांशको पहिलो अनुच्छेदमा केकस्तो शैलीको प्रयोग गरिएको छ?

(क) अलङ्कारिक (ख) तार्किक

ग). वर्णनात्मक (घ) विश्लेषणात्मक

७. प्रश्न नं. ६ (क) का अनुच्छेद पढी त्यसबाट मुख्यमुख्य चार बुँदा टिप्नुहोस् : ४

अथवा

प्रश्न नं. ६ (क) को गद्यांशलाई सङ्क्षेपीकरण गर्नुहोस् ।

८. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ४

(क) कुनै प्रसिद्ध स्रष्टाको व्यक्तिगत विवरण तयार पार्नुहोस् ।

(ख) दशैं पर्वको अवसरमा दिइने शुभकामना पत्रको नमुना तयार पानुहोस् ।

९. तलका शीर्षकमध्ये कुनै <u>एकमा</u> कम्तीमा २५० शब्दसम्मको निबन्ध लेख्नुहोस् : ७

(क) पर्यटन व्यवसाय : सम्भावना र चुनौती

(ख) म र मेरो देश (ग) लैङ्गिक समानता

१०. नेपालको हिमाली क्षेत्रमा गरिएको पर्यटकीय भ्रमणमा देखिएका सन्दर्भहरुलाई समेटेर एउटा प्रतिवेदन लेख्नुहोस् : ५

११. कुनै <u>दुई</u> प्रश्नको उत्तर लेख्नुहोस् : ४+४= ८

(क) 'भोलिको नेपाल' कवितामा कस्तो नेपालको परिकल्पना गरिएको छ ?

(ख) 'के नेपाल सानो छ?' निबन्धमा पाइने मुख्य विशेषता केके हुन् ?

(ग) 'पछ्बरिया टोल' कथामा केकस्तो व्यङ्ग्य पाइन्छ ?

१२. कुनै <u>एक</u> प्रश्नको उत्तर लेख्नुहोस् : ६

(क) 'चुली' उपन्यासमा पर्वतारोहीको जीवनदृष्टि तथा मनोद्वन्द्वको प्रस्तुतिमाथि प्रकाश पार्नुहोस् ?

(ख) 'पीडा आरोहण' नाटकले प्रस्तुत गरेको विषयमाथि प्रकाश पार्नुहोस् ।